महाराजगंज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/०८१

चलानी नं: 9806

मितिः २०८०/१२/२२

---

श्री सामुदायिक तथा संस्थागत विद्यालय, (सबै)

महाराजगंज नगरपालिका, कपिलवस्तु ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको पत्र संख्या २०८०/०८१, च.नं. ३८३ मिति २०८०/१२/१२ को निर्णय कार्यान्वयन गर्ने विषय सम्बन्धको परिपत्र अनुसार यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले देहाय बमोजिमको कार्य अनिवार्य रुपमा सम्पादन गर्नु गराउनुहुन जानकारीको लागि अनुरोध छ ।

देहायः

सामुदायिक विद्यालयको हकमाः

१. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम सार्वजनिक विद्यालयले माध्यमिक तह सम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक वापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्थालाई सोही बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्ने ।

२. प्र.अ बैठक तथा अनुगमनका क्रममा उपलब्ध गराइएका सुझाव तथा जानकारीहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।

३. प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार शैक्षिक सत्र २०८१ सञ्चालन एवम् व्यवस्थापन गर्ने गराउने व्यवस्था मिलाउने ।

४. उल्लिखित विषयहरुलाई विद्यालयको मूल्याङ्कनको आधार बनाइने ।

संस्थागत विद्यालयको हकमाः

१. अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भए बमोजिम प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखी बाह्र कक्षा सम्मका पाँच सय जना सम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा दश प्रतिशत, पाँच सय देखी आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा बाह्र प्रतिशत र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तिमा पन्ध्र प्रतिशत विद्यार्थीलाई निः शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।

रविन्द्र प्रसाद चौधरी

प्रशासकीय अधिकृत

महाराजगंज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/०८१

चलानी नं: 2806

मितिः २०८०/१२/२२

२. शैक्षिक सत्र २०८० मा उपलब्ध गराएको छात्रवृत्ती प्राप्त गरेका विद्यार्थीको नाम नामेसी सहितको यथार्थ विवरण पेश गर्ने ।

३. निजी लगानीका (संस्थागत) विद्यालयहरुले शिक्षा नियमावली २०५९ को नियम १४६ ले तोकेका शीर्षक (मासिक पढाई, भर्ना, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास, परिवहन र भोजन शुल्क) बाहेक अन्य शुल्क लिन नपाउने ।

४. विद्यालयले आफ्ना विद्यार्थीहरुलाई विद्यालय परिसर भित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक, स्टेश्नरी, पोशाक लगायतका सामग्री खरिद गर्न अनिवार्य गर्ने गरेको जनगुनासो प्राप्त हुन आएकोले यस खालको कार्य अविलम्व बन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्ने गराउने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

५. शैक्षिक सत्र २०८० को शुल्क विवरण र आगामी शैक्षिक सत्र २०८१ का लागि यसैसाथ संलग्न फाराममा शुल्क प्रस्ताव सम्बन्धी प्रतिवेदन विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई २०८० चैत्र मसान्तभित्र अनिवार्य रुपमा पेश गर्ने ।

६. शुल्क र छात्रवृत्ती सम्बन्धी कार्यान्वयनको अवस्थाबारे नगरपालिकाबाट आवश्यकता अनुसार अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाइने ।

७. प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार शैक्षिक सत्र २०८१ सञ्चालन एवम् व्यवस्थापन गर्ने गराउने व्यवस्था मिलाउने ।

८. उल्लिखित विषयहरुलाई विद्यालयको मूल्याङ्कनको आधार बनाइने ।

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

(संस्थागत विद्यालयको हकमा)

# शैक्षिक सत्र २०८० को शुल्क विवरण

विद्यालयको नाम ठेगानाः अनुमति प्राप्त कक्षाः

| क्र.सं | कक्षा | शुल्क शीर्षक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मासिक पढाई | वार्षिक पढाई | भर्ना | परीक्षा | कम्प्युटर | स्थानान्तरण प्रमाणपत्र | विशेष प्रशिक्षण | परिवहन | भोजन | कैफियत |
| १ | नर्सरी | | | | | | | | | | |
| २ | एल.के.जी | | | | | | | | | | |
| ३ | यू.के.जी | | | | | | | | | | |
| ४ | १ | | | | | | | | | | |
| ५ | २ | | | | | | | | | | |
| ६ | ३ | | | | | | | | | | |
| ७ | ४ | | | | | | | | | | |
| ८ | ५ | | | | | | | | | | |
| ९ | ६ | | | | | | | | | | |
| १० | ७ | | | | | | | | | | |
| ११ | ८ | | | | | | | | | | |
| १२ | ९ | | | | | | | | | | |
| १३ | १० | | | | | | | | | | |

तयार गर्नेको दस्तखतः
नाम थरः

विद्यालयको प्रधानाध्यापकको दस्तखतः
नाम थरः

वि.व्य.स अध्यक्षको दस्तखतः
नाम थरः

विद्यालयको छाप

(संस्थागत विद्यालयको लागि)

# शैक्षिक सत्र २०८१ का लागि प्रस्तावित शुल्क विवरण

विद्यालयको नाम ठेगानाः अनुमति प्राप्त कक्षाः

| क.सं | कक्षा | शुल्क शीर्षक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मासिक पढाई | वार्षिक पढाई | भर्ना | परीक्षा | कम्प्युटर | स्थानान्तरण प्रमाणपत्र | विशेष प्रशिक्षण | परिवहन | भोजन | कैफियत |
| १ | नर्सरी | | | | | | | | | | |
| २ | एल.के.जी | | | | | | | | | | |
| ३ | यू.के.जी | | | | | | | | | | |
| ४ | १ | | | | | | | | | | |
| ५ | २ | | | | | | | | | | |
| ६ | ३ | | | | | | | | | | |
| ७ | ४ | | | | | | | | | | |
| ८ | ५ | | | | | | | | | | |
| ९ | ६ | | | | | | | | | | |
| १० | ७ | | | | | | | | | | |
| ११ | ८ | | | | | | | | | | |
| १२ | ९ | | | | | | | | | | |
| १३ | १० | | | | | | | | | | |

तयार गर्नेको दस्तखतः
नाम थरः

विद्यालयको प्रधानाध्यापकको दस्तखतः
नाम थरः

वि.व्य.स अध्यक्षको दस्तखतः
नाम थरः

विद्यालयको छाप